नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## काठमाडौँ

(प्रशासन शाखा)

मिति २०७७/१२/०३

सूचना

यही मिति २०७७ चैत्र १५ गते परेको रङहरुको पर्व फागु पूर्णिमा (होली) को उपलक्ष्यमा यस जिल्ला प्रशासन कार्यालय परिवार सम्पूर्ण महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछ । बिगतका बर्षहरुमा होली पर्वलाई आफ्नो परिवार, मान्यजन, साथीभाई, इष्टमित्रहरुसँग ठूलो जमघट सहित हर्षोल्लासका साथ मनाइँदै आइएकोमा यस बर्ष कोभिड-१९ को जोखिम रहेको सन्दर्भमा स्वास्थ्य सतर्कता अपनाई नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धी मापदण्डको पालना गरी मनाउनुहुन र चाडपर्व मनाउने नाममा कुनै पनि अवाञ्छित गतिविधिहरु जस्तै कोही कसैको इच्छा विपरित रङ, लोला तथा पानी छयाप्ने, इच्छा विपरित कसैलाई मादक पदार्थ तथा नसालु पदार्थ खुवाउने एवं मादक पदार्थ सेवन गरी सवारी चलाउने, सार्वजनिक ठाउँहरुमा हो-हल्ला गर्ने, कुनै पनि व्यक्तिको निजी जीवनमा असर पर्ने खालका कार्यहरु नगर्न/नगराउनुहुन यस कार्यालय सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछ । साथै यी र यस्ता गतिविधि गरे/गराएको पाइएमा कानून बमोजिम सजाय हुने कुरा समेत जानकारीका लागि अनुरोध छ ।

०७७/१२/०३

रमा घिमिरे

प्रशासकीय अधिकृत

कार्यालयको ठेगाना :बबरमहल ,काठमाडौं, नेपाल ।

फोन नं .०१-४२६२४७८ ,०१-४२६२८२८ ,०१-४२६२४४८ ,०१-४२४८९८५, फयाक्स नं .०१-४२६२८२८

इमेल :daobabarmahal@gmail.com वेवसाइटः daokathmandu.moha.gov.np